सूचना शाखा

त्रिभुवन विश्वविद्यालय

# गोरखा क्याम्पस

गोरखा

(................ शाखा)

टेलिफोन : ०६४-४२०२३१
फ्याक्स +९७७-०६४-४२१४०४
ईमेल: gorkhacampus1@gmail.com

पत्र संख्या : ०७८/०७९
चलानी नं.: १८०

मिति : २०७८/०६/१०

## विषय : ४ वर्षे स्नातक तह चौथो वर्षका परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना ।

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७८ सालमा सञ्चालन हुने ४ वर्षे स्नातक तह चौथो वर्षको परीक्षा दिने व्यवस्थापन तथा शिक्षाशास्त्र संकायका नियमित तथा आंशिक परीक्षार्थीहरुले मिति २०७८ आश्विन ०५ गतेदेखि कार्तिक १० गतेसम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित २०७८ कार्तिक १७ गतेसम्म परीक्षा आवेदन फारम भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. परीक्षा फारम सम्बन्धमा:

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुऱ्याई आफैले बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा क्याम्पस तथा परीक्षा नियन्त्रण कार्यालय जवाफदेही हुने छैन ।

ख) ४ वर्षे स्नातक तहमा २०७० सालमा भर्ना भई २०७१ सालमा प्रथम वर्ष प्रथम पटक परीक्षा दिएकाहरुका लागि यो परीक्षा अन्तिम पटकको हुनेछ ।

ग) विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नं. परीक्षा आवेदन फारममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा सञ्चालन अवधिसम्म प्रवेशपत्र प्रतिलिपि लिनु परेमा परीक्षा आवेदन फारम प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

२. आंशिक परीक्षा दिने विद्यार्थीहरुले परीक्षा आवेदन फारम भर्दा गत वर्षको सोही खण्ड परीक्षा दिएको रोल नं. अनिवार्यरुपमा परीक्षा आवेदन फारमको अगाडि शिरमा उल्लेख गर्नुपर्नेछ ।

३) **परीक्षा शुल्क सम्बन्धमा :**

| क्र.सं. | परीक्षा शुल्क | स्नातक तह चौथो वर्ष |
|---|---|---|
| १. | नियमित परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु. ४७०।०० |
| २. | परीक्षा आवेदन फारम शुल्क | रु. ६०।०० |
| ३. | परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु. १००।०० |
| ४. | प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु. १५०।०० |
| ५. | प्रयोगात्मक परीक्षा दुई वा सो भन्दा बढी विषयका लागि | रु. २७५।०० |
| ६. | फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु. २७५।०० |
| ७. | शिक्षण अभ्यास शुल्क | रु. ३५०।०० |

**बोधार्थ:**

**श्री लेखा शाखा**
गोरखा क्याम्पस, गोरखा ।

.....................
**(रामशरण बानियाँ)**
**क्याम्पस प्रमुख**